नेपाली राजदूतावास
कुवेत
Embassy of Nepal
State of Kuwait.

سفارة نيبال
دولة الكويت


## प्रेस विज्ञप्ति

कुवेतको स्वास्थ्य मन्त्रालयबाट कुवेतमा केही व्यक्तिहरूमा नोवल कोरोना भाइरस(Covid-19) को संक्रमण देखापरेको जानकारी प्राप्त भएको हुँदा कुवेतमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई आवश्यक सतर्कता अपनाउनको लागि नेपाली राजदूतावास, कुवेत हार्दिक अनुरोध गर्दछ ।

**लक्षणहरू**

ज्वरो आउने, खोकी लाग्ने तथा श्वासप्रश्वासमा समस्या देखा पर्ने । संक्रमण बढ्दै जाँदा निमोनिया , श्वासप्रश्वासमा जटिलता, मृगौला फेल एवंम मृत्यु सम्म हुन सक्ने ।

**संक्रमणबाट बच्न अपनाउनुपर्ने उपायहरू**

- श्वासप्रश्वास सम्बन्धी बिरामीहरूको सम्पर्कबाट टाढै बस्ने ।
- नियमित रूपमा साबुन पानीले सफासँग (कम्तिमा २० सेकेण्ड सम्म) हात धुने। अल्कोहलयुक्त ह्याण्ड स्यानिटाइजर्स प्रयोग गर्ने ।
- जथाभावी छोएको हात नधोइ आँखा, कान र मुखमा नलाने ।
- अत्यावश्यक अवस्थामा बाहेक भिडभाड हुने स्थानहरू (सार्वजनिक स्थल, अस्पताल, सिनेमा हल, सपिङ् मल आदि) मा नजाने ।
- भिडभाडयुक्त ठाउँमा जाँदा नाक र मुख छोप्ने सुरक्षित किसिमको मास्कको प्रयोग गर्ने ।
- खोक्दा वा हाच्छ्यु गर्दा मुख र नाक छोप्ने र सोको लागि प्रयोग गरिएका वाइप्स (wipes) राम्रोसँग नष्ट गर्ने ।
- जंगली तथा घरेलु पशुपंक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु र अण्डा राम्रोसँग पाकेको मात्र खाने ।
- आफू बिरामी भएको बेला घरमा छुट्टै कोठामा बस्ने ।
- शरिरको रोगप्रतिरोधक क्षमता वृद्धि गर्न पोषणयुक्त खानाहरू (झोलिलो पदार्थ, हरियो सागपात, गेडागुडी आदि) खाने, नियमित व्यायाम गर्ने, शरिरलाई प्रशस्त आराम दिने ।
- श्वासप्रश्वास सम्बन्धी समस्या देखापरेमा यात्रा नगर्ने ।
- रोगको लक्षणहरू देखापरेमा नअत्तालिकन तुरुन्तै चिकित्सकको परामर्श लिने ।

***आकस्मिक सम्पर्कको लागि कुवेतको स्वास्थ्य मन्त्रालयको निम्न सम्पर्क नम्बरहरूमा सम्पर्क गर्न सकिनेछः***

- ९९०४८६१९
- ९६०४९६९८

मितिः २०७६।११।१५


Jabriya, Block No. 8, Street No. 13, Building No. 514, Tel.: 25321603/ 4 / 5, Fax: 25321601/ 628 الجابرية قطعة رقم٨، شارع رقم ١٣، مبنى رقم ٥١٤، تلفون: ٢٥٣٢١٦٠٣/٤/٥، فاكس: ٢٥٣٢١٦٠١ / ٦٢٨
Email : eonkuwait@mofa.gov.np Website : www.mofa.gov.np/kuwait